# विश्वविद्यालय अनुदान आयोग,
## शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्
सानोठिमी, भक्तपुर, नेपाल

**गुणस्तर अभिवृद्धि (Quality Enhancement) कार्यक्रममा सहभागिताका लागि आवेदन माग गरिएको सम्बन्धमा ।**

विश्वविद्यालय अनुदान आयोग अन्तर्गत सञ्चालित उच्च शिक्षामा विशिष्टता प्रवर्द्धन कार्यक्रम (Nurturing Excellence in Higher Education Program, NEHEP ) को Result Area २ ( Strengthening Governance and Financing of Higher Education) अन्तर्गत Sub Result Areas 2.1 मा उल्लेखित गुणस्तर अभिवृद्धि (Quality Enhancement) कार्यक्रममा सहभागिताको लागि विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत भई एक वर्ष पूरा भईसकेका तर प्रत्यायनको अवधि कायम रहेका इच्छुक उच्च शैक्षिक संस्थाहरु (विश्वविद्यालयका केन्द्रीय विभाग/स्कुल, आंगिक वा सामुदायिक क्याम्पसहरु) बाट आवेदन* आव्हान गरिन्छ । यस कार्यक्रममा सहभागिताका लागि योग्य उच्च शैक्षिक संस्थाले माघ १७, २०७९ भित्र आफ्नो आवेदन दर्ता गरिसक्नुपर्ने छ । NEHEP सम्बद्ध कार्यसञ्चालन निर्देशिका (Operations Manual) को बूँदा नं. ५.२ र तालिका ५.४ को विषयगत क्षेत्र/सूचकहरु (Thematic Areas/ Indicators) अनुसार आवेदन पेश गर्दा निम्न शर्तहरु पूरा गरेको हुनुपर्नेछ :

**(१) साधारण शर्तहरु:**

क) स्नातकोत्तर तह वा सो भन्दा माथिल्लो तहका कार्यक्रम सञ्चालनमा रहेका उच्च शैक्षिक संस्थाहरुले दिइएका विषयगत क्षेत्रहरु मध्ये १ देखि ३ सम्मका प्रत्येक क्षेत्रबाट कम्तिमा २ वटा गरी समग्रमा कम्तिमा ६ वटा सूचकमा निर्धारित मापदण्ड बमोजिम दाबी पेश गर्नुपर्नेछ ।

ख) स्नातक तहका कार्यक्रम मात्र सञ्चालनमा रहेका उच्च शैक्षिक संस्थाहरुले विषयगत क्षेत्र २ बाट कम्तिमा १ वटा नछुटाई अन्य विषयगत क्षेत्रहरु ( १, ३) प्रत्येकबाट कम्तिमा १ वटा गरी समग्रमा कम्तिमा ६ वटा सूचकमा निर्धारित मापदण्ड बमोजिम दाबी पेश गर्नुपर्नेछ ।

**(२) विशेष शर्तहरु** (विषयगत क्षेत्र ४ मा उल्लेखित अतिरिक्त नवप्रर्वतनात्मक गुणस्तर अभिवृद्धि अभ्यास व्यवस्थाबाट दाबी पेश भएमा) :

(क) शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् वा सो ले तोकेको समितिबाट पूर्वस्वीकृति लिई निर्धारित सूचकको मापदण्ड पूरा गर्नुपर्नेछ ।

(ख) स्नातकोत्तर तहका कार्यक्रम सञ्चालनमा रहेका उच्च शैक्षिक संस्थाहरुले विषयगत क्षेत्र २ को कम्तिमा १ वटा सहित अन्य विषयगत क्षेत्र मध्येबाट थप ५ वटा सूचकका मापदण्ड पूरा गर्नुपर्नेछ ।

(ग) स्नातक तहका कार्यक्रम मात्र सञ्चालनमा रहेका उच्च शैक्षिक संस्थाहरुले कुनै पनि विषयगत क्षेत्र मध्येबाट थप ५ वटा सूचकका मापदण्ड पूरा गर्नुपर्नेछ ।

(घ) अतिरिक्त नवप्रर्वतनात्मक गुणस्तर अभिवृद्धि अभ्यासको मापदण्ड तय गर्दा कार्यसञ्चालन निर्देशिकाको तालिका ५.४ को पादटिप्पणी (Footnote ) ३२ मा तोकिएका नवप्रर्वतनात्मक क्षेत्रहरु अनुसार हुनुपर्नेछ ।

कार्यसञ्चालन निर्देशिका आयोगको वेवसाईटमा उपलब्ध रहेको व्यहोरा समेत अनुरोध छ ।

यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा विश्वविद्यालय अनुदान आयोग शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् सचिवालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।


**शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषदको सचिवालय**
विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर, नेपाल
इमेल : qaad@ugcnepal.edu.np, पोस्ट बक्स नम्बर: १०७९६ (काठमाडौं, नेपाल)
फोन : ०१-६६३८५४८/४९/५०/५१, फ्याक्स : ०१-६६३८५५२


---

*आवेदनकर्ता उच्च शैक्षिक संस्थाको प्रत्यायन अवधी कम्तिमा २०८० जेठ मसान्तसम्म कायम रहेको तथा पूनर्प्रत्यायनका लागि कम्तिमा आशयपत्र स्वीकृत भईसकेको हुनुपर्ने ।